# संघीय संसद
# प्रतिनिधि सभा

**छैटौं अधिवेशन**

**बैठक संख्या - २५**

## दैनिक कार्यसूची

**२०७७ असार ९ गते, मंगलबार**

दिनको १:०० बजे

### राष्ट्रपतिको कार्यालयको पत्र

१. सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त विधेयक प्रमाणीकरण सम्बन्धी पत्रको व्यहोरा पढेर सुनाउनु हुने ।

### सन्देशको जानकारी

२. प्रतिनिधि सभाका सचिव श्री गोपालनाथ योगीले प्रतिनिधि सभामा उत्पत्ति भएको निम्नलिखित विधेयकहरु राष्ट्रिय सभाबाट पारित भएको सन्देशको जानकारी गराउनु हुने ।

(क) "विनियोजन विधेयक, २०७७"
(ख) "आर्थिक विधेयक, २०७७"
(ग) "राष्ट्र ऋण उठाउने विधेयक, २०७७"
(घ) "ऋण तथा जमानत (चौबीसौं संशोधन) विधेयक, २०७७"
(ङ) "केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउन बनेको अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक, २०७७"

### प्रतिवेदन पेश

३. राज्यव्यवस्था तथा सुशासन समितिका मा० सभापति श्री शशि श्रेष्ठले "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७७" पेश गर्नुहुने ।

### व्यवस्थापन कार्य

४. सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीले :-

(क) "नेपाल विशेष सेवा विधेयक, २०७६ माथि विचार गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।
(ख) "राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदन सहितको लोक सेवा आयोग विधेयक, २०७५ माथि छलफल गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।
(ग) "लोक सेवा आयोग विधेयक, २०७६ लाई पारित गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।
(घ) "राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदन सहितको संघ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक, २०७६ माथि छलफल गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।
(ङ) "संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) विधेयक, २०७७ लाई पारित गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

५. "भन्सार विधेयक, २०७७" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि मा० श्री प्रेम सुवालले प्रस्तुत गर्नुभएको विरोधको सूचनालाई निर्णयार्थ प्रस्तुत गरिने ।

६. मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले :-

(क) "भन्सार विधेयक, २०७७" पेश गर्नुहुने ।
(ख) "अर्थ समितिको प्रतिवेदन सहितको नागरिक लगानी कोष (दोस्रो संशोधन) विधेयक, २०७५ माथि छलफल गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।
(ग) "नागरिक लगानी कोष (दोस्रो संशोधन) विधेयक, २०७६ लाई पारित गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव